# स्थानीय राजपत्र

**केराबारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ७, संख्या ९, असोज ३०, २०८०**


**भाग-२**

# केराबारी गाउँपालिकाको पोषण मैत्री स्थानीय तह तथा सेवा बिस्तार कार्यक्रम कार्यान्वयन मार्गदर्शन निर्देशिका -२०८०

**स्वीकृत मितिः २०८०।०६।३०**

**प्रमाणिकरण तथा राजपत्रमा प्रकाशित मितिः२०८०।०६।३०**

**१.पृष्ठभुमी :** कोशी प्रदेश अन्तर्गत मोरङ जिल्लाको उत्तरी भागमा प्रदेशको राजधानी बिराटनगर बाट ४६ कि.मी. उत्तर पुर्बमा अबस्थित केराबारी गाउँपालिका समुन्द्र सतह देखि मिटर ७५ देखि २४१० मिटर सम्मको उचाईमा रहेको छ। २१९.८३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकामा १० वटा वडाहरु रहेकाछन । यस पालिकाको जम्मा घरधुरी संख्या ७८३ जनसंख्या ३३९४३ रहेको छ भनेदुई वर्ष मुनिका वालवालिकाको जनसंख्या ११५६ किशोरीहरुको जनसंख्या ५९८७ र

अपेक्षित गर्भवती आमाहरुको जनसंख्या ६९६ रहेको छ । यस नगरपालिकामा शिघ्र कुपोषित वालवालिकाको संख्या ९ छ भने मध्यम कुपोषित वालवालिकाको जनसंख्या ४२ रहेको छ । गाउँपालिका क्षेत्रभित्र १ वटा पालिकाअस्पताल, ३ वटा स्वास्थ्यचौकी १ वटा शहरी स्वास्थ्य केन्द्र तथा६ वटा आधारभुत स्वास्थ्य केन्द्र गरी जम्मा ११ वटा स्वास्थ्य संस्थाहरु रहेका छन् ।

अन्तराष्ट्रिय रुपमानै कुपोषणलाई आर्थिक, समाजिक तथा मानवीय विकासको आधार तयार हुने तथा दीगो विाकासको लक्ष्य पुरा गर्ने आधारको रुपमा लिईएको छ । कृपोषण वाट सृजनाहुने स्वास्थ्य संवन्धि समस्याहरु गम्भीर, दूरगामी तथा अपुरणीय हुने अध्ययन अनुसन्धानले देखाएका छन् ।प्रदेश नं १ मा ५ वर्ष भन्दा मुनिका बालबालिकाहरुमा पुडकोपना हुने ३३,% ख्याउटेपना भएका १२% उमेर अनुरुप कम तौल भएका २४%, रहेको छ । प्रजनन उमेरका महिलाहरु (१५ देखि ४९ वर्षका) मा रक्तअल्पता भएका ४१% रहेको देखिन्छ ।

हालको नेपाली समाजको अबस्था चित्रण गर्ने हो भने काम गर्न सक्ने यूवा जनशक्ति विदेशी खाडिमुलकमा ५० डिग्रि भन्दा बढिको तापक्रममा पसिना वगाईरहेका छन भने गाउँघरमा वृद्द बृद्दा, वालवालिका र महिलाहरु मात्र देखिन्छन ।खाद्यन्न उपभोग गर्ने तरिका परिवर्तन भएको छ जसले खाद्यन्न उत्पादन, वितरण, वजारीकरणमा प्रभाव पारेको छ । खेतीयोग्य जमिन वाँझो पल्टिएकाछन । विदेशवाट कमाएर पठाएको पैसाले वजारवाट विदेशवाट आयात गरिएका कमसलयूक्त खाद्यान्न, जंकफुड, विषाधियुक्त तरकारी

प्लास्टिकमा किनेर खाने चलन वढदो छ । स्थानीय स्तरमा पाईने रैथाने वालीहरु क्रमश:लोप हुदै गएका छन । सिमित मात्रामा गरिने उत्पादनमा पनि हाईव्रिड विउ, रासाईनिक मल तथा विषाधिको प्रयोग वढि रहेको छ । वढदो जलवायू परिवर्तनले यो चुनौतिलाई बढाएको छ । उत्पादनमुखि समाजवाट आयातमुखि समाजमा परिवर्तन गरेको छ । जसले मानिसको पोषण र स्वास्थ्य स्थिति दिन प्रतिदिन विग्रदो छ । पुराना रैथाने वाली जस्तै कागुनो फाफर, जुनेलो, कोदो, ब्रोकाउली, जौ, मकै आदिमा हुने पोषक तत्वको ज्ञान नहुदा गरिवले खाने खाद्यान्नको रुपमालिईने खाना लाई छाडी सबै भन्दा कम पोषक तत्व पाईने भात खोजि खोजि किनि किनि खाने नेपाली समाजको चलन छ ।

अझै पनि नेपालि समाज अशिक्षा अज्ञानता र अन्धकारमा जकडिएको छ । विभिन्न किसिमका अन्धविश्वास, कुरिति र कुसंस्कारले ग्रसित रहेको छ । छुवाछुत, छाउपडि प्रथा, वालविवाह, धामिझाक्रि प्रतिको विश्वास आदिजस्ता कुसंस्कार अझै पनि हाम्रो समाजमा दिखिन पाईन्छन । सरसफाई सम्बन्धि अज्ञानता, जोखिमपुर्ण समयमा राम्रोसंग हातधुने वानिको विकास नहुनु, पिउने पानि सुद्धिकरण नगरी खानु, सुनौलो हजार दिनको महत्व थाहा नपाउनु, उपयुक्त गर्भाधान समय तथा गर्भान्तर सम्बन्धी ज्ञान नहुनु, गर्भावस्थामा लिनु पर्ने सजगता सम्बन्धमा अज्ञानता, ६ देखि २४ महिनाका वालवालिकालाई समयमा पूरक तथा थप खाना खुवाउने सम्बन्धी आबश्यक जानकारी नहुनु जस्ता विभिन्न कारणले कुपोषण निर्मुल पार्न कठिन देखिएको छ ।

नागरिकको पोषण र स्वास्थ्य अबस्थामा सुधार गर्न वहु-आयामिक दृष्टिकोण आवस्यक छ । पोषणस्थितिमा सुधार ल्याउने जिम्मा स्वास्थ्य मन्त्रालयको हो भन्ने पुरानो सोच अझै पनि पुर्णरुपमा हटि नसकेको देखिन्छ । स्वास्थ्यको क्षेत्रवाट पोषण स्थितिमा सुधार ल्याउने भनेको जम्मा २० प्रतिशत हो भने अन्य क्षेत्रहरु खानेपानी तथा सरसफाई, कृषि, पशु सेवा, महिला तथा वालवालिका, शिक्षा क्षेत्रलाई नेतृत्व प्रदान गर्ने स्थानीय सरकारवाट संचालन हुने पोषण संवेदनशिल क्रियाकलापहरु वाट ८० पतिशत पोषण स्थितिमा सुधार ल्याउन सकिन्छ । अहिलेको नयाँ वदलिदो अबस्थामा स्थानीय सरकारलाई संविधानले दिएको अधिकार तथा उसंग भएको श्रोत र साधनको उपयोग गरी  स्थानीय परिवेश र आबश्यकताको आधारमा नीति तथा कार्यक्रम तय गर्न सक्दछ । स्थानीय तहहरुले आबश्यक समन्वयमा सामाजिक, आर्थिक तथा वातावरणिय पक्षहरुको पहिचान गरि स्थनीय आबस्यकता पहिचान गर्ने, कार्यक्रम तय गर्ने कार्यान्वयन गर्ने तथा अनुगमन गर्न सक्दछन ।खाने बानि तथा मात्रामा आबश्यक परिवर्तन, सरसफाई, अखाद्य पदार्थको विक्रिवितरण तथा उपभोगमा नियन्त्रण, खानामा नागरिकको जनचेतना र शिक्षाको भुमिका, महिला सशक्तिकरण, सुनौलाहजार दिनको महत्व सम्वन्धि ज्ञानले नागरिकको पोषणतथा स्वास्थ्यमा धेरै महत्वपुणर् सकारात्मक भूमिका खेल्दछ ।

**२. औचित्यः**नेपालको संबिधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३० मा उल्लेखित स्वच्छ वातावरणको हक र धारा ३५ मा

उल्लेखित स्वास्थ्य सम्बन्धि हकको सुनिश्चितताको लागि पालिकाले जनताको स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइ, कृषि आदि सम्बन्धि क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने देखिन्छ । पालिकाबाट सञ्चालन हुने क्रियाकलापहरुलाई परिणाममुखी बनाउन स्थानीय सरकारको तर्फबाट प्रदान गरिने न्यूनतम स्वास्थ्य, पोषण, खानेपानीतथा सरसफाइका सेवाहरुको बारेमा सुसुचित गर्दै उक्त सेवा प्रदायकहरु सम्म उनीहरुको पहुँच पुऱ्याउन बिभिन्न खालका सचेतना मुलक अभियानहरु सञ्चालन गरि स्वस्थ्य आनीवानी तथा सरसफाईका असल अभ्यासहरुको विकास गरि त्यसको दिगोपनाका लागी पोषण उन्मुख नमुना गाउँपालिका निर्माणकालागि पोषण, स्वास्थ्य, कृषि, महिला तथा बालबालिका, पशु र पूर्ण सरसफाइका कार्यक्रमहरु तर्जुमा गरि तपसिलमा उल्लेखित चुनौतीहरु सम्बोधन गर्न अपरिहार्य देखिन्छ ।

- पोषणमैत्री नमूना टोल, बस्ती, वडा बनाई नमूना टोल, बस्ती र वडा घोषणा गर्न।
- आफ्नो पालिकामा रहेका नागरिकहरुको सहभागिता र क्रियाशीलतालाई निरन्तरता दिई खुला दिसामुक्त अवस्थाको दिगोपना कायम राख्दै पूर्ण सरसफाइ तर्फ उन्मुख हुन।
- शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, वातवारण, महिला, बालबालिका, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैंगिक समानता जस्ता क्षेत्रहरुसंग सम्बन्धित बहु-क्षेत्रगत सरोकारवालाहरुको क्रियाशिलता अभिवृद्धि गरी समुदायका सम्पूणर् मानिसको क्षमता, जिम्मेवारी साथै जवाफ देहीतालाई अभिवृद्धि गर्न ।

**३. उदेश्यः**पोषण विशेष र पोषण सम्बेदनशील कार्यक्रम संचालन गरी १००० दिनका आमा, किशोरी तथा वालवालिकाको पोषणको अबस्थामा सुधार गर्दै पुणर् पोषण मैत्री पालिका बनाउन अभियान संचालन गर्ने । साथैः-

- स्वास्थ्य आमा समूहहरुलाई सुदृढिकरण गर्दै १००० दिने आमा र बच्चाहरुको पोषण स्थितीमा सुधार ल्याउनका लागिआमा समूहको भुमिकाको वारेमा सबै समूह सदस्यहरुलाई जागरुक बनाउने ।
- किशोरी, १००० दिने आमा तथा वालवालिकाको पोषण सुधारको लागी ६० सम्पर्क भेट तथा १० मुख्य व्यवहारहरुमा उनीहरुको पहुँच पुऱ्याउनको लागी सचेतना, सहयोग तथा पैरबी गर्ने ।
- खुला दिसा मुक्त अवस्थाको दिगोपनालाई कायमगर्दै सरसफाइ र स्वच्छता सम्बन्धी असलबानी व्यवहारको विकासमा सहयोग गर्ने ।
- घरायसी तथा संस्थागत तहमा सरसफाइ र स्वच्छताका सुविधाको समुचित प्रयोग, मर्मत सम्भार तथा स्तरोन्नती गर्ने वानीको विकासमा सहयोग गर्ने ।
- फोहोर मैला तथा मानव मलमुत्रीय फोहोरको सम्भव भए सम्म पुनः प्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने बानीको बिकास गर्न सहयोग गर्ने।
- पालिका स्तरीय तथा वडा स्तरीय पोषण निर्देशक समितीहरु लाई कृयासिल बनाई  बार्षिक योजना निर्माणमा सहयोग गर्ने ।

- बाल क्लबका सदस्यहरु, किशोर-किशोरी र विद्यालयका शिक्षिका तथा छात्राहरुलाई महिनावारी स्वच्छताका राम्रा व्यवहारहरु बारे बताउने र घरेलु स्तरमा स्यानेटरी प्याड निर्माण गर्ने सिप प्रदान गर्ने ।
- एक घर एक करेशाबारीको अवधारणा अनुसार घरायसी खाद्यान्न उत्पादनमा बृद्धि गर्ने ।
- गुणस्तरीय स्वास्थ्य सेवाका लागि स्वास्थ्यकर्मीहरु संग नियमित भेटघाट तथा सहयोग गर्ने ।
- स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ तथा स्वच्छता, लैंगिक समानता सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु मनाउने ।

**४. कार्यक्रम कार्यान्वयन गर्ने विधि :क) स्थान छनौटः** शीघ्र कडा कुपोषणको संख्या बढी भएका वडामा रहेका टोललाई मध्यनजर गरी पोषण मैत्री बाताबरण सिर्जना गर्न एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ । १० वटै वडाका टोलहरुमा एउटा टोल कम्तीमा २५ घरघुरी पर्नेगरी पोषण मैत्री नमुना टोल छनौट गरिनेछ ।

**ख) छनौटका आधारहरुः** पोषण मैत्री नमुनाटोल छनौटका लागी निम्नानुसारको छनौटका आधारहरु रहनेछन ।

- सुनौला हजार दिनका आमा तथा बालबालिकाहरुको संख्या बढी भएको गाउँ वा क्षेत्र
- कडा कुपोषणबाट प्रभावित बालबालिको संख्या बढी भएको क्षेत्र

- किशोरीहरुको संख्या (बिद्यालय छोडेका) बढीभएको
- सामाजिक तथा आर्थिक बञ्चितिकरणमा परेको समुदाय
- सामाजिक भावना भएका तथा समुहमा मिलेर काम गर्न प्रतिबद्ध रहेको समुदाय
- सामुहिक तरकारीको खेतीको लागी जमिन उपलब्ध भई सवै घरधुरीहरु सामुहिक पोली हाउसबाट तरकारीको बेर्ना लगेर आफनो बारीमा लगाउन प्रतिबद्ध समुदाय
- लैंगिक तथा घरेलु हिंसा सम्बन्धी जानकारी गराउन आबश्यक ठानिएको समुदाय
- कार्यक्रमबाट कम्तीमा २५ घरधुरी प्रतक्ष रुपमा लाभान्वित हुनु पर्नेछ ।

## ५. कार्यक्रम सञ्चालन पश्चातका अपेक्षित नतीजाहरुः

पोषण मैत्री नमुना टोल कार्यक्रम संचालन पछि निम्नानुसारका अपेक्षित नतिजाहरु प्राप्त हुनेछन ।

- १००० दिनका आमा तथा किशोरीको तथा वालवालिकाको पोषणको स्थितिमा सुधार आउने छ ।
- मातृशिशु तथा बाल्यकालिन पोषण तथा हेरचाहमा सुधार आउने छ ।
- कडाशीघ्र कुपोषण र मध्यम शीघ्र कुपोषणको ब्यवस्थापनमा सुधार आउने छ ।

- स्वास्थ्य एवं पोषणको दृष्टिकोणले वानि-ब्यवहारमा सुधार हुनेछ ।
- हानिकारक चलन र बानिब्यवहार सुधार गर्न समुदाय सशक्त भएको हुनेछ ।
- पोषणको सम्बन्धमा किशोरीहरुको चेतना अभिबृद्धि र त्यस सम्वन्धि बानि-ब्यवहारमा सुधार हुने छ ।
- सुरक्षित तथा पोषण युक्त खाद्य वस्तुको उपलब्धता तथा उपभोगमा सुधार आउने छ ।
- सुरक्षित तथा दिगो किसिमको सरसफाई सेवाको पहुँच र उपभोगमा वृद्धि भएको हुने छ।
- आमा समुहको बैठक नियमीत रुपमा बसी स्वास्थ्य स्वंय सेविकाहरुको सहजीकरणमा बच्चाको आमा तथा शिशुको खोप र बृद्धि अनुगमन जस्ताका कार्यहरु प्रभावकारी भएको हुने
- पोषण नमुना टोलमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई र पोषणको अवस्थामा सुधार भएको हुनेछ ।
- बिद्यालय छाडेका किशोरीहरुले पोषण लगायत अन्य स्वास्थ्य, सरसफाई तथा समाजिक विकास विषयमा आबश्यक ज्ञान र जीवन उपयोगी सीप हासिल गर्नेछन ।
- पोषण नमुना वस्तीमा सामुहिक पोलीहाउस मार्फत तरकारीका वेर्ना तयार गरि सवैको करेसाबारीमा मौसम/बेमौसमी तरकारी लगाएको हुनेछ ।

- पोषण नमुना टोलका बासिन्दाहरुको पिउने पानीको शुद्धता सुनिश्चत गरिनेछ
- प्रत्येक घरमा पोषण मैत्री पारिवारिक वातावरण तयार भएको हुनेछ ।
- बालविबाह तथा छाउपडी प्रथामा उल्लेख्य सुधार भएको हुनेछ ।
- पोषण मैत्रीगाउं घोषणाका लागि आधार तय भएको हुनेछ ।

**६.पोषण मैत्री स्थानिय तह तथा पोषण सेवा बिस्तार कार्यक्रम तथा कार्यान्वयन प्रक्रिया**

| क.सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया | रकम |
|---|---|---|---|
| १ | सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह गठन तथा नमुना टोल सम्बन्धी अभिमुखीकरण | ➢ कार्यक्रमबाट लाभान्वित आमा तथा किशोरीहरु लाई समेटेर प्रति घरधुरीबाट एक जना पर्ने गरी २५ जनाको आमा समुह गठन गरिनेछ ।<br>➢ आमा समुह गठन गर्दा आर्थिक अवस्था कमजोर तथा कुपोषण | ९१५०० |

| | | | |
|---|---|---|---|
| | | बढी भएका परिवारहरु लाई प्राथमिकता दिईनेछ ।<br>➢ प्रत्येक महिना समुहको बैठक बसी घरायसी खाद्यान्न उत्पादन, पुर्ण सरसफाई, तथा पोषणको महत्व सम्बन्धि छलफल गरीने छ<br>➢ १० वटै वडामा कार्यक्रम पुर्ण बिस्तार गरीने छ ।<br>➢ पोषण उन्मुख नमुना टोल अबधारणा तथा पोषण सम्बन्धी अभिमुखीकरण गराईने छ । | |

| | | | |
|---|---|---|---|
| २ | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरु लाई **<u>पोषण उन्मुख नमूना टोल बस्ती</u>**को अवधारणा सम्बन्धमा अभिमुखीकरण | ➢ तथ्याङकको आधारमा कार्यक्रम हुन बाँकी ५ वटा वडाहरुमा कार्यक्रम संन्चालन गरीने छ।<br>➢ कार्यक्रम संचालन हुने वडाहरुमा गठन भएको खाद्य सुरक्षा निर्देशक समितिकाका पदाधीकारीहरुलाई **<u>पोषण उन्मुख नमूना टोल बस्ती</u>** बिकास गर्नका लागी अभिमुखीकरण कार्यक्रम संचालन गरीने छ ।<br>➢ वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सिफारीसमा प्रत्येक वडाबाट १ वटा टोल **<u>पोषण उन्मुख नमूना</u>** | १५१५०० |

| | | | |
|---|---|---|---|
| | | **टोल बस्ती** छनौट गरीने छ ।<br>➢ १० वटै वडामा कार्यक्रम पुर्ण बिस्तार गरीने छ । | |
| ३ | **पोषण उन्मुख नमूना** टोल समिती गठन तथा अभिमुखीकरण | ➢ छनौट भएका वडाका टोलहरुमा **पोषण उन्मुख नमुना टोल समिति** गठन गरिनेछ।<br>➢ समितिमा कम्तीमा २५ घरधुरी समाबेश हुनेछन ।<br>➢ स्थानीय बिध्यालयका शिक्षक तथा शिक्षीका म स्वा से ।<br>➢ प्रत्येक घर बाट एक जना सदस्य रहने छ।<br>➢ २ महिनामा एक पटक समतिको बैठक बस्नु पर्नेछ। | ९९५०० |

| | | | |
|---|---|---|---|
| | | ➢ गठन भएको समीतीले आफ्ना टोललाई पोषण मैत्री बनाउनकालागी सम्पुर्ण रुपमा कृयासिल रहने छ। | |
| ४ | पुर्ण सरसफाई सम्बन्धि अनुगमन चेक लिष्ट, स्टीकर, फ्लेक्स प्रिन्ट अनुगमन स्टिकर तथा पोषण अनुगमन रजिष्टर छपाई तथा घर घरमा झुण्ड्याई नियमित अनुगमन तथा परामर्श कार्यक्रम। | ➢ नमुना टोल बस्तीहरुमा पोषण तथा सरसफाई सम्बन्धी चेक लिष्ट तयार गरी अनुगमन गर्ने ।<br>➢ चेतना मुलक फ्लेक्सहरु प्रीन्ट गरी नमुना टोल बस्तीमा टाँस गर्ने । | २००००० |
| ५ | शुद्ध खानेपानीका लागि सुनौलो हजार दिनका विपन्न आमाहरुलाई | ➢ **पोषण उन्मुख नमूना टोल बस्ती** मा बसोबास गर्ने सुनौलो हजार दिनका विपन्न | २५०००० |

| | | | |
|---|---|---|---|
| | खानेपानी फिल्टर सहयोग । | आमाहरुलाई शुद्द खानेपानी पिउने ब्याबस्था मिलाउने।<br>➢ शुद्द खानेपानी पिउने गर्नाले पानी बाट सर्ने संक्रामक रोगहरु कम हुदै जाने । | |
| ६ | ५ बर्ष मुनीका बालबालीका हरुलाई पोषण स्थिती लेखाजोखा | ➢ प्रत्येक वडामा कार्यरत **म स्वा से** हरु बाट हरेक महिना जन्मे देखी २ बर्ष सम्मका बालबालिकाहरुलाई घर घर गई हरेक २ महिनामा तौल लिने , | ४००००० |
| ७ | प्रजनन् उमेरका महिला तथा किशोरी हरुका लागि १ दिने एकिकृत पोषण तालीम संचालन। | ➢ २५ जना किशोरी तथा महिलाहरुको समुहलाई १ दिने एकिकृत पोषण तालीम संचालन गरिने छ । | ५४५०० |

| | | | |
|---|---|---|---|
| | | ➢ (महिनाबारी स्वाच्छता, प्याड तयारी, पशुजन्य उत्पादनको उपयोग, पोषण, बालविवाह आदी विषयमा एकिकृत तालिम प्याकेज वनाएर तालिम दिईने छ।)<br>➢ सहभागी छनौट गर्दा विद्यालय छोडेका किशोरीहरुलाई प्राथमिकतामा राखिने छ।<br>➢ १० वटा वडाहरु | |
| ८ | हेल्दी बेबी प्रतीयोगीता कार्यक्रम | ➢ १० वटै वडामा कार्यक्रम संचालन गर्ने ।<br>➢ १५ महिना देखी २३ महिना उमेर समुहका बच्चाहरु सहभागी गराईने । | १५०००० |

| | | | |
|---|---|---|---|
| | | ➢ स्वास्थ्य सम्बन्धी मापदणड बनाएर उत्कृष्ट प्रतीयोगीलाई पुरुष्कृत गरीने छ ।<br>➢ पोषण तथा सरसफाई सम्बन्धी सामाग्री पुरस्कार वापत उपलब्ध गराउने । | |
| ९ | सासु बुहारी ससुरा श्रीमान अन्तरक्रिया कार्यक्रम) | ➢ पोषण नमुनाटोलका सवै घरधुरीको प्रतिधित्व रहने गरी सासु,बुहारी र श्रीमान बीच एकदिने अन्तरक्रिया छलफलको आयोजना गरिने छ।<br>➢ घरेलु हिंसा रहित पोषण तथा सरसफाई मैत्री पारिवारिक वातावरणका लागि सासु बुहारी र | १०००००<br>० |

| | | | |
|---|---|---|---|
| | | श्रीमानको भुमीका बारे छलफल हुनेछ।<br>➢ १० वटै वडाहरु | |
| १० | स्वास्थ्य संस्था सुधार कार्यक्रम | ➢ स्वास्थ्य संस्थाको सेवालाई नियमीत प्रभाबकारी बनाउनका लागी ईलेक्ट्री ब्याट्री ब्याकअपको | १४३५०० |
| ११ | पोषण सम्बन्धी नियामीत सुचना तथा सन्देश प्रसारण वडा नं ६ र ७ | ➢ ४३ ईन्चको टी भी डिस्प्ले सेवाग्राही प्रतीक्षालयमा स्थापना गर्ने।<br>➢ स्थापना गरीएको टि भी डिस्प्ले बाट पोषण सम्बन्धी सुचना सन्देश मुलक भीडीयो नियामीत रुपमा प्रसारण गर्ने ।<br>➢ समुदाय स्तरमा सुचना प्रसारणका लागी उपकरण खरीद गर्ने । | १००००० |

| | | | |
|---|---|---|---|
| १२ | पोषण मैत्री स्वास्थ्य संस्था स्थापना तथा संचालन | ➢ कम्तीमा ४ वटा स्वास्थ्य संस्थालाई पोषण मैत्री स्वास्थ्य संस्था बनाईने छ।<br>➢ पोषण मैत्री स्वास्थ्य संस्था स्थापना गर्दा पोषण मैत्री स्वास्थ्य संस्थाको मापदण्ड अनुसार गरीने छ ।स्वास्थ्य संस्थामा सबै प्रकारका तौल मेसिन ,छुटैं कोठा, उचाई मेसिन ,पोषण प्रदर्शनी सामाग्री साथै सुचना तथा सचेतना मुलक सामाग्री अनीवर्य हुनुपर्ने छ। | ५०००००<br>० |
| १३ | पोषण प्याकेज कार्यक्रम( NUtration Basket) | ➢ बच्चा तौल कार्यक्रम बाट कुपोषण पहिचान भएका बालबालिकाहरुलाई तत्काल पोषण युक्त | २००००० |

| | | | |
|---|---|---|---|
| | | खानेकुराहरु उपलब्ध गराई थप जटिल हुन बाट बचाउन अण्डा, पोषिलो खाना ,(घ्यु वा तेल ,बदाम ,ओखर ,साबुन, टुथपेस्ट नेलकटर) आदि २००० बराबरको प्याकेज दिने ।<br>➢ पाखुराको नाप पंहेलो र रातो बर्गिकरणमा परेका बालबालिकाहरुलाई ३ महिना सम्म पोषण प्याकेज उपलब्ध गराउने। | |
| १४ | स्वास्थ्यकर्मिहरुकालागी बृहत पोषण प्याकेज तालिम | ➢ बृहत पोषण प्याकेज तालिम नलिएका तथा नयाँ नियुक्ती वा सरुवा भई आएका स्वास्थ्यकर्मीहरु लाई | १३०००० |

| | | | |
|---|---|---|---|
| | | ६ दिने तालिम उपलब्ध गराउने २० जना<br>➢ तालिम प्राप्त स्वास्थकर्मिहरुले पोषण मैत्री स्थानीय कार्यक्रमसंचालन हुन सहज हुने | |
| १५ | पोषण अनुगमनकालागी सामाग्री खरीद | ➢ बच्चा तौल मेसीन २ प्रकारको- ५२ गोटा ब्याग- ५२ | १५०००० |
| १६ | बाल बिबाह न्युनीकरणकालागी बिध्यालय स्तरमा अभिमुखीकरण कार्यक्रम | ➢ माध्यामीक तह सतरीय कार्यक्रम संचालन गर्ने ।<br>➢ बिध्यालयका किशोरीहरुलाई किन चाडो बिबाह गर्न हुन्न भन्ने बिषयमा शारिरिक परिपक्वता , मानसिक परिपक्वता साथै भबिस्यमा हुने आर्थिक अभाबका | ६०००० |

| | | | |
|---|---|---|---|
| | | कारण पारीवारीक समस्या बारे ज्ञान सिप प्रदान गर्ने। | |
| १७ | कृषक समूहशरुलाई करेसाबारी सम्बन्धी तालिम | ➢ कृषक समुहहरुले करेसाबारीमा तरकारी खेती कसरी गर्ने थाहापाउने छन।<br>➢ सिजन अनुसारको तरकारी उत्पादन गरी आय आर्जन र पोषीलो सन्तुलित आहारको ब्याबस्थापन हुने छ । | ३००००० |
| १८ | तरकारी मिनीकिट वितरण (सीजनेवल तरकारीका बिउ बितरण) आदि | ➢ सवै कृषक समुहका घरधुरीले पाउने गरि तरकारीको मिनिकिट बितरण गर्ने<br>➢ कृषि शाखाको प्राविधिकले सहजीकरण गर्ने छ ।<br>➢ तरकारीको बिउ बितरण पश्चात सुनौला | ७००००० |

| | | | |
|---|---|---|---|
| | | हजार दिनको घरघुरीहरु/किसानहरुले तरकारी बारीमा लगाएको वा नलगाएको बारे अनुगमन समेत गरिने छ । | |
| १९ | आधारभुत तहका बिध्यालयहरुमा शुद्द खानेपानीका लागी ईलेक्ट्रीक फिल्टर ब्याबस्थापन | • सबै आधारभुत बिध्यालयहरुमा अध्यानरत बालबालिकाहरुले सुद्द पिउने पानी उपभोग गर्न पाउने छन । | ७००००० |

**७. मानब श्रोतको व्यवस्थापन तथा परिचालनः**यस अभियान अर्थात पोषण मैत्री स्थानियतह सेवा बिस्तार कार्यक्रम सञ्चालनका लागि समग्र रुपमा कार्यक्रमलाई कार्यान्वयनमा सहयोग पुर्याउन पोषण संयोजक र प्रत्येक पोषण मैत्री नमुना टोलमा एक जना सामुदायिक पोषण सहजकर्ता करारमा नियुक्त गरी परिचालन गरिने छ । करारमा नियुक्त कर्मचारीले प्रमुख प्रशासकीय

अधिकृतको मातहतमा रही विषयगत शाखाहरु संग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्न पर्ने छ ।

| क.सं | प्रस्तावीत क्रियाकलाप | कार्यान्वयन प्रक्रिया | रकम |
|---|---|---|---|
| २० | सामुदायिक पोषण सहजकर्ता नियुक्ती | ➢ अ न मी एक जना करारमा नियुक्ती गरीने छ ।<br>➢ करार अबधी १ बर्षको हुने छ।<br>➢ निजले तोकीएको पोषण सम्बन्धी कार्यक्रमहरु बिषयगत शाखाहरुको समन्वयमा प्रमुख प्रशासकीयको माताहतमा रही कार्य सम्पन्न गर्नु पर्ने छ। | ३७४०००० |

## ८. कार्यक्रम अनुगमन तथा सुपरीबेक्षण बिबिध

कार्यक्रमको सहज रुपमा कार्यन्वयन भए नभएको हेर्ने कार्यक्रम संचालनमा कुनै प्रकारको ब्याबधान भएमा वा सहजिकरण गर्नुपर्ने भए कार्यन्वयन स्थानमै गई कार्यलयका प्रमुख वा सुपरभाईजर बाट कार्यक्रमको अनुगमन तथा सुपरीबेक्षण गर्ने ब्याबस्था मिलाउने ।

| क स | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया | रकम |
|---|---|---|---|
| २१ | कार्यक्रम अनुगमन तथा सुपरीबेक्षण ढुवानी तथा यातायात ब्याबस्थापन | सुपरभिजन चेक लिष्ट तयार गर्ने । कार्यक्रम कार्यन्वयन स्थलमा सुपरभिजन गर्ने प्रतीबेदन गर्ने | ५३००० |
| २२ | बिबिध | | १३६००० |
| | जम्मा | | ५०००००० |

**९.खारेजी र वचाउः-** केराबारी गाउँपालिकाको पोषणमैत्री स्थानीय तह तथा सेवा विस्तार कार्यक्रम कार्यान्वयन  मार्गदर्शन निर्देशिका २०७९ लाई खारेज गरिएको छ । उक्त निर्देशिका वमोजिम भए गरिएका कामकारवाही यसै निर्देशिका वमोजिम भएको मानिनेछ ।

## पोषण मैत्री स्थानिय तह तथा पोषण सेवा बिस्तार कार्यक्रमको बजेट बाँडफाड तथा बर्गिकरण

### १ स्वास्थ्य क्षेत्र

१ सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह गठन

| कोड | कार्यक्रमको नाम | बिबरण | संचालन स्थान | ईकाई | दर | संख्या | दिन | पटक | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह गठन तथा नमुना टोल | सहभागी यातायात | वडा नं १,२,३,४ र १० | ५ | २०० | १२५ | १ | १ | २५००० | |
| | | मसलन्द | | | १००० | ५ | | | ५००० | |
| | | खाजा | | | २०० | १३० | | | २६००० | |
| | | सहजकर्ता भत्ता | | | ७०० | १० | | | ७००० | |
| | | दैनीक भ्र खर्च | | | १६०० | १० | | | १६००० | जम्मा ९१५०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी अभिमुखीकरण | | | | | | | | | |
| | | | | | | | | | ७९००० | |
| १.१ | सुनौलो हजार दिनका विपन्न आमाहरुको मासिक बैठक | खाजा खर्च | ५ वटै वडाहरु | ५ | १००० | १० | | १ | १०००० | |
| | | मसलन्द | | | | | १ | | २५०० | |
| | | | | | | | | | १२५०० | |

२ वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरु लाई पोषण उन्मुख नमूना टोल बस्तीको अवधारणा सम्बन्धमा अभिमुखीकरण

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारी हरु लाई पोषण उन्मुख नमूना | सहभागी यातायात | वडा | ५ | ५०० | १२५ | १ | १ | ६२५०० | |
| | | मसलन्द | | | २५०० | ५ | | | १२५०० | |
| | | खाजा | | | २०० | १३५ | | | २७००० | |
| | | सहजकर्ता भत्ता | | | १००० | १० | | | १०००० | |
| | | स्टेसनरी | | | १०० | १२५ | | | १२५०० | |
| | | खाना | | | २५० | २० | | | ५००० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | टोल बस्तीको अवधारणा सम्बन्धमा अभिमुखीकरण | प्रशिक्षक यातायात दै भ्र ख | | | १६०० | १० | | | १६००० | |
| | | अनुगमन | | | १००० | ६ | | | ६००० | |
| | | | | | | | | | **१५१५००** | |

३ पोषण उन्मुख नमूना टोल समिती गठन तथा द्वैमासिक बैठक

| कोड | कार्यक्रमको नाम | बिबरण | संचालन स्थान | ईकाई | दर | संख्या | दिन |
|---|---|---|---|---|---|---|---|
| ३ | | सहभागी यातायात | | ५ | २०० | १२५ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पोषण उन्मुख नमुना टोल समिती गठन तथा अभिमुखीकरण | मसलन्द | वडा नं १,२,३,४ र १० | | १००० | ५ | |
| | | खाजा | | | २०० | १३० | |
| | | सहजकर्ता भत्ता | | | ७०० | १० | |
| | | दैनीक भ्र खर्च | | | १६०० | १० | |
| | | | | | | | |
| ३.१ | पोषण उन्मुख नमुना टोल समिती मासिक बैठक | खाजा खर्च | ५ वटै वडाहरु | ५ | १००० | १० | |
| | | मसलन्द | | | २१०० | ५ | १ |
| | | | | | | | |

४. पुर्ण सरसफाई सम्बन्धि अनुगमन चेक लिष्ट, स्टीकर, फ्लेक्स प्रिन्ट छपाई तथा घर घरमा झुण्ड्याई नियमित अनुगमन तथा परामर्श कार्यक्रम।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पुर्ण सरसफाई सम्बन्धि अनुगमन चेक लिष्ट, स्टीकर, फ्लेक्स प्रिन्ट अनुगमन स्टिकर तथा पोषण अनुगमन रजिष्टर | सरसफाई सम्बन्धी स्टिकर तथा फ्लेक्स प्रीन्ट छपाई गरी घरघरमा बितरण गर्ने साथै अनुगमन गर्ने | टोल | १० | | | १ | १ | २०० ००० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छपाई तथा घर घरमा झुण्ड्याई नियमित अनुगमन तथा परामर्श कार्यक्रम। | | | | | | | | | |

५ शुद्ध खानेपानीका लागि सुनौलो हजार दिनका विपन्न आमाहरुलाई खानेपानी फिल्टर सहयोग ।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | शुद्ध खानेपानी का लागि सुनौलो हजार | ∅ पोषण उन्मुख नमुना टोलकासुनौलो हजार दिनका विपन्न | टोल | ५ | २० ०० | १२ ५ | १ | १ | २५० ००० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दिनका विपन्न आमाहरुलाई खानेपानी फिल्टर सहयोग । | आमाहरुलाई खानेपानी फिल्टर बितरण गर्ने | | | | | | | | |
| ६ बर्ष मुनीका बालबालीका हरुलाई पोषण स्थिती लेखाजोखा | | | | | | | | | | |
| ६ | जन्मे देखी २ बर्ष सम्मका बालबालिकाहरुको | म स्वा से हरुबाट प्रत्येक २ महिनामा १ पटक तौल अनुगमन गर्ने | १०वटै वडाहरुमा | १० | ५० | १००० | ५ | ५ | २५०००० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तौल अनुगमन | | | | | | | | | |
| ६.१ | २४ महिना देखी ५९ महिना सम्मका बालबाली काहरुको तौल अनुगमन गर्ने | स्वास्थ्यकर्मिहरु बाट बर्षको कम्तीमा २ पटक तौल अनुगमन गर्ने | १०वटै वडाहरु मा | १० | ५० | ३० ०० | २ | २ | १५० ००० | |

७ प्रजनन् उमेरका महिला तथा किशोरी हरुका लागि २ दिने एकिकृत पोषण तालीम संचालन।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | प्रजनन् उमेरका महिला तथा किशोरी हरुका लागि २ दिने एकिकृत पोषण तालीम संचालन। | सहभागी यातायात | वडा | २ | २०० | ५० | २ | १ | १०००० | |
| | | मसलन्द | | | २५०० | २ | | | ५००० | |
| | | खाजा | | | २०० | ६० | | | १२००० | |
| | | सहजकर्ता भत्ता | | | १००० | ४ | | | ४००० | |
| | | स्टेसनरी | | | १०० | ५० | | | ५००० | |
| | | खाना | | | २५० | १० | | | २५०० | |
| | | प्रशिक्षक यातायात | | | २००० | ४ | | | ८००० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुगमन | | | १००० | ८ | | | ८००० | |
| | | | | | | | | | **५४५००** | |

८ हेल्दी बेबी प्रतीयोगीता कार्यक्रम

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | हेल्दी बेबी प्रतीयोगीता कार्यक्रम | १५ देखी २३ महिनाका बच्चाहरुको प्रतियोगीता गरीने,प्रतीयोगी तामा उत्कृष्ट ३ जना बालबालीकाह | वडा | १० | १०००० | १० | १ | १ | १००००० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रुलाई पोषण तथा सरसफाईका सामाग्री प्रदान गर्ने | | | | | | | | |
| ८.१ | | ब्याबस्थापन खर्च | | | ५० ०० | १० | | | ५०० ०० | |

**१५० ०००**

९ सासु बुहारी ससुरा श्रीमान अन्तरक्रिया कार्यक्रम)

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सासु बुहारी | खाजा खर्च | वडा | ५ | २० ० | ११ ० | १ | १ | २२० ०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ससुरा श्रीमान अन्तरक्रिया कार्यक्रम) | सहभागी यातायात | | | २०० | १०० | | | २०००० | |
| | | सहजकर्ता भत्ता | | | ७०० | १० | | | ७००० | |
| | | मसलन्द खर्च | | | १५०० | ५ | | | ७५०० | |
| | | | | | | | | | **५६५००** | |

१० पोषण सम्बन्धी सुचना तथा सन्देश प्रसारण

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | पोषण सम्बन्धी नियामीत सुचना तथा सन्देश प्रसारण | गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य संस्था वडा नं ६ र ७ | वडा | २ | ५०००० | २ | १ | १ | १००००० | |

११ स्वास्थ्य संस्था सुधार कार्यक्रम

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | ईलेक्ट्रीक ब्याट्री ब्याकअप ब्याबस्थाप ननियमीत सुधार कार्यक्रम | स्वास्थ्य संस्थाको नियमीत सेवा संचालनका प्रभाबकारी बनाउन वडा नं ४ ६ र ७ | वडा | ३ | | ३ | १ | १ | १४३ ५०० | |

१२पोषण मैत्री स्वास्थ्य संस्था स्थापना तथा संचालन

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | पोषण मैत्री स्वास्थ्य संस्था स्थापना तथा संचालन | पोषण मैत्री स्वास्थ्य संस्था स्थापना वडा नं १ २, ९ र ५ | वडा | ४ | | ४ | १ | १ | ५०००००। | |

१३ पोषण प्याकेज (Nutrition Basket) कार्यक्रम

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | पोषण प्याकेज (Nutrition Basket) कार्यक्रम | कुपोषित बालबालिकाहरुलाई रु २००० बराबरको प्याकेज ३ महिना सम्म दिने | वडा | १० | | ३३ | ३ | ३ | २००००० | |

१४ स्वास्थ्यकर्मिहरुका लागी बृहत पोषण प्याकेज तालिम कार्यक्रम

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | बृहत पोषण प्याकेज तालिम | २० जना स्वास्थ्यकर्मिहरुलाई बृहत पोषण सम्बन्धी ६ दिने तालिम | वडा | १० | | २० | ६ | ६ | १३०००० | |

१५ पोषण अनुगमनकालागी सामाग्री खरीदः

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | पोषण अनुगमनकालागी सामाग्री खरीद | महिला स्वास्थ्य स्वयंसेबीका तथा स्वास्थ्यकर्मीहरुलाई पोषण अनुगमनकालागी तौल मेसिन तथा झोला खरीद | वडा | १० | | | १ | १ | १५०००० |

१६ बालबिवाह न्युनीकरणकालागी बिध्यालय स्तरमा अभिमुखीकरण कार्यक्रम

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| १६ | बालबिवाह न्युनीकरणकालागी अभिमुखीकरण कार्यक्रम | खाजा खर्च | वडा | ३ | २०० | ११० | १ | १ | २२००० |
| | | सहभागी यातायात | | | २०० | १०० | | | २०००० |
| | | सहजकर्ता भत्ता | | | ७०० | ६ | | | ४२०० |
| | | मसलन्द खर्च | | | १५०० | ३ | | | ४५०० |
| | | दैनीक भ्रमण खर्च | | | १६०० | ५ | | | ८००० |
| | | खाना | | | २५० | | | | १३०० |
| | | | | | | | | | **६००००** |

१७ कृषक समुहहरुलाई करेसाबारी सम्बन्धी तालिम

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | कृषक समुहहरुलाई करेसाबारी सम्बन्धी २ दिन तालिम | | वडा | ५ | | | १ | १ | |
| | | खाजा खर्च | | | ३०० | ६०००० | | | |
| | | सहभागी यातायात | | | २५० | ७५००० | | | |
| | | सहजकर्ता भत्ता | | | ४० | ६०००० | | | |
| | | मसलन्द खर्च | | | ५००० | २५००० | | | |
| | | अनुगमन/दैनीक भ्रमण खर्च | | | २० | ३५००० | | | |
| | | खाना | | | ८० | २०००० | | | |
| | | बिभिद | | | ५००० | २५००० | | | ३००००० |

१८ तरकारी मिनी कीट बितरण

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | | तरकारी मिनीकिट खरीद तथा वतरण (हिउदे तरकारी) | वडा | १० | १ | ३३४०० | १ | ३३४०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तरकारी मिनी कीट बितरण | तरकारी मिनीकिट खरीद तथा वतरण (बर्खे तथा लहरे तरकारी) | | | १ | ३३४००० | १ | ३३४००० | |
| | | यातायात तथा दैनीक भ्रमण खर्च | | | १० | १६०० | २ | ३२००० | ७०००००० |

१९ सामुदायिक पोषण सहजकर्ता नियुक्ती

| सिन | कार्यक्रम | ➢ बिबरण | **बिनियोजीत रकम** | **प्रती महिना** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १९ | सामुदायिक पोषण सहजकर्ता तलब भत्ता | अ न मी एक जना करारमा नियुक्ती गरीने छ<br>करार अबधी १ बर्षको हुने छ। | **३७४०००** | **२८०००** | **१३** | **१०००० पोषाक भत्ता** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ➢ निजले तोकीएको पोषण सम्बन्धी कार्यक्रमहरु बिषयगत शाखाहरुको समन्वयमा प्रमुख प्रशासकीयको माताहतमा रही कार्य सम्पन्न गर्नु पर्ने छ। | | | | |
| २० | कार्यक्रम अनुगमन तथा सुपरीबेक्षण ढुवानी तथा यातायात ब्याबस्थापन | • सुपरभिजन चेक लिष्ट तयार गर्ने ।<br>कार्यक्रम कार्यन्वयन स्थलमा सुपरभिजन गर्ने<br>प्रतीबेदन गर्ने ।<br>• सामान ढुवनी तथा यातायात खर्च नियम अनुसार गर्ने । | ५३००० | **प्रती जना प्रती पटक रु १०००।** | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | आधारभुत तहका बिध्यालयहरुमा शुद्द खानेपानीका लागी ईलेक्ट्रीक फिल्टर ब्याबस्थापन | • सबै आधारभुत बिध्यालयहरुमा अध्यानरत बालबालिकाहरुले सुद्द पिउने पानी उपभोग गर्न पाउने छन । | ७००००० | | | |
| २२ | पोषण सम्बन्धी प्रोफाईल तयारी | १० वटै वडाहरुमा गर्भवती सुत्केरी तथा ५ बर्ष मुनीका बालबालिकाहरुको अबस्था लेखाजोखा गरी पालिका बृहत पोषण प्रोफाईल तयार गर्ने | १३६००० | | | |

आज्ञाले,

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत